# सिमकोट गाँउपालिका, हुम्ला

## स्थानीय राजपत्र

खण्डः ६ संख्या : १९ मितिः २०७९/०९/२९

## भाग - २

# सिमकोट गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९/०८० - २०८४/०८५

## सिमकोट गाँउपालिका, हुम्ला

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२९
राजपत्रमा प्रकाशन मिति :२०७९/०९/२९

## मन्तब्य

नेपालको संविधानले लैङ्गिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ । महिलाको हक, दलितको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक लगायतका हक अधिकारहरू संविधान प्रदत्त हक हुन् । संविधानमा व्यवस्था भएका हकहरू कार्यान्वयन गरी नागरिकलाइ महसुस गराउने जिम्मेवारी स्थानीय सरकारको हो ।

सिमकोट गाँउपालिका लाई लैङ्गिक तथा सामाजिक समावेशी गाँउपालिका बनाउन गाँउपालिको लैससास रणानीतिक योजना बनाएको हो । "**सबैखालका असमान व्यवहार र विभेदहरुको अन्त्य गरी समतामूलक, समृद्ध र समुन्नत गाँउपालिका निर्माण गर्ने ।"** भएको हो । यो रणनीतिक योजनाले सिमकोट गाँउपालिका नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ । यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकाका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गर्ने उद्देश्य लिएको छ ।

नेपालले लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु स्थानीय तहसम्म कार्यान्वयन गर्नु गाँउपालिकाको दायित्व पनि हो । यस पालिकालाइ हिंसारहित बनाउन पालिकामा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ ।

अन्तमा यो **५ बर्षे लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना( आ.व.२०७९/०८० देखी २०८४/०८५सम्म** निर्माण गर्न नेतृत्व गर्ने कार्यदल, रणनीति निर्माणमा खट्नु भएका गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरू कर्णाली प्रदेश शुसान केन्द्र लैससास बिज्ञ श्री पूजा भण्डारी कर्णाली प्रदेश मुख्य मन्त्री कार्यालयका कर्मचारी श्री अर्जुन पौडेल, परामर्शदा श्री बिरेन्द्र खड्का र २ दिन सम्म कार्यशालामा सहभागि भएर महत्वपूर्ण समय सुझाव सल्लाह उपलब्ध गराउनु हुने सम्पूर्ण सरोकावाला सबैलाइ म हार्दिक धन्यवाद दिन चाहन्छु । लैससासमैत्री गाँउपालिका निर्माण गर्न यो रणनीतिक योजनाले महत्वपूर्ण भूमिका खेल्न र सफल कार्यन्वयनको लागि सम्पूर्ण सरोकारवालाको सकारात्मक योगदानको अपेक्षा गर्दछु ।

हार्दिक धन्यवाद सहित !

..........................

विजय भण्डारी

अध्यक्ष

# बिषयसूची

| | पेज नं. |
|---|---|
| १. पृष्ठभुमि | ५ |
| १.२ गाँउपालिकाको परिचय | ६ |
| १.३ गाँउपालिका गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्य | ७ |
| १.४ रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया | ८ |
| २. गाँउपालिका लैससासको अवस्था र सन्दर्भ विश्लेषण | ९ |
| २.१ गाँउपालिको लैससासको अवस्था | ९ |
| २.२ लक्षित समूहहरुको नक्साङ्कन | १०-१२ |
| २.३ सरोकारवालाहरुको विश्लेषण | १२ -१३ |
| २.४ गाँउपालिकाको लैससासको दृष्टिबाट सवलपक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा (बाहय पाटो) को विश्लेषण | १४-१७ |
| २.५ गाँउपालिका र वडागत रुपमा लैससासमा प्रमुख समस्या तथा सवालहरु | १७ -१८ |
| २.६ गाँउपालिकाको लैससास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु | १८ -१९ |
| ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु | १८ -१९ |
| सिमकोट गाँउपालिकाको दीर्घकालिन सोचः | |
| ध्येय | |
| लक्ष्य | |
| उदेश्यहरु | |
| रणनीतिको औचित्य वा आवश्यकता | १९ |
| रणनीतिक योजनाको मुल्य मान्यता तथा सिद्दान्तहरु | २० |
| ३.२ लैससास मुलप्रवाहीकरणको रणनीति र कार्यनीतिहरु | २० -२५ |
| ३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना | २६ -३३ |
| ३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी आवश्यक संस्थागत व्यवस्था | ३४ |
| ३.४.१. गाँउपालिका स्तरीय लैससास कार्यान्वयन समितिको गठन | ३४ |
| ३.४.२. वडास्तरमा लैससास कार्यान्वयन समिति गठन | ३४ |
| ३.४.३. लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार | ३४ |
| ३.४.४. वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार | ३५ |
| ३.४.५. वैठक, कार्यविधि र सेवासुविधा | ३५ |
| ३.४.६ सम्पर्क व्यक्ति | ३५ |
| ३.५ लैससास रणनीतिकार्यान्वयनको लागि स्रोत परिचालन | ३६ |
| ३.५.१ आर्थिक स्रोत | |
| ३.५.२ मानवीय स्रोत | |
| ३.६ अनुगमन तथा मूल्याङ्कन | ३६ |
| ३.७ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु | ३७ |
| ३.८ रणनीतिको पुनरावलोकन तथा सुधार | ३८ |
| ३.९ बाधा अडचन फुकाउने | ३८ |

## १.पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेकोछ । महिलाको हकसम्बन्धी धारा ३८ लेसमानवंशीय अधिकार, सुरक्षितमातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिलाविरुद्ध हुने हिंसाजन्य कार्यहरु कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरु सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तीकरण र विकासको लागि संविधानमा विशेष प्रावधानहरु राखिएको छ । सामाजिक न्यायको हकले तीन वटै तहका सरकारहरुले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामानै उल्लेख गरिएको छ। यसका अलवा दफा ११ को गाउँपालिका तथा गाँउपालिका/नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा  ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा गाँउपालिका/नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ ।

पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७- २०८०/०८१ को आधारपत्र अनुसार
क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण
ख) बालबालिका तथा किशोरकिशोरी
ग) ज्येष्ठ नागरिक
घ) अपाङ्गता भएका व्यक्ति
ङ) सामाजिक सुरक्षा तथा संरक्षण
च) समावेशीकरण लगायतका विषयहरुलाई अलग अलग शीर्षकमा राखिएको छ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशी सिद्धान्तका आधारमा स्थानीय तहका सबै नीति योजना, कार्यक्रम तथा संरचनाका सबै अङ्गहरुमा महिला, दलित, आदिवासी जनजाती, मधेसी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समान सहभागी गराई लैङ्गिकसमानता तथा सामाजिक समावेशी मैत्री गाँउपालिका बनाउने परिकल्पना अनुरुप लैससास मूलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले सिमकोट गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा गरिएको छ ।

## १.२ सिमकोट गाँउपालिकाको परिचय

नेपालको कर्णाली प्रदेश अन्तर्गत पर्ने हुम्ला जिल्लाको उत्तर पश्चिोम भाग मा सिमकोट गाउँपालिका अवस्थित रहेको छ । नेपालको संविधान धारा २९५ को उपधारा ९३० वमोजिम कायम भएका स्थानिय तहहरु मध्ये सिमकोट गाउँपालिकापनि एक हो यस गाउँपालिकाको पूर्व र दक्षिणमा खार्पुनाथ गाँउपालिका, पश्चिम र उत्तरमा नाम्खा गाउँपालिका,रहेको छन् । साविकका ५ गाविसहरु सिमकोट, वरगाउँ, ठेहे, डाँडाफया,स्याँडा मिलेर बनेको यस गाउँपालिका मा ८ आठ वडाहरु रहेका छन्न् राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जनसंख्या १५७२७ रहेको छ भने कूल मतदात ६६३२ जना रहेका छन् । सुन्दर प्रकृतिक वनोट , जैविक विविधताले भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको यस गाउँपालिकाको क्षेत्रफल ७८५.८९ वर्ग कि.मी रहेको छ । स्थानिय तह गठन पछिको पहिलो निर्वाचन सम्पन भई स्थायी र अस्थायी कार्यलयहरुमा निर्वाचित जनप्रतिनिधीहरु वाट प्रभावकारी सेवा प्रवाह भइरहेको छ। सदरमुकाममा अवस्थित यस गाउँपालिका ले प्रविधिमैत्री सेवामा जोड दिई छिटो र छरितो सेवा प्रदान गरिरहेको छ। सिमकोट बिमान स्थलमा विद्धुतीय सुचना बोर्ड राखेर हुम्ला आउने पर्यटकहरूको लागि आवस्यक सुचनाहरू दिदैं आईरहेको छ । यस गाउँपालिकामा १ वटा जिल्ला अस्पताल ४ वटा स्वास्थ्य चौकीहरू रहेका छन् ।

**रणनीतिको औचित्य वा आवश्यकता**

क) गाँउपालिकाका नीति तथा कार्यक्रम लैससास सम्बेदनशील वनाउन ।

ख) लक्षित वर्गको सशक्तिकरण भइ अधिकारको दावी गर्न सक्ने अवस्थामा पुग्न मद्दत गर्न

ग) सरोकारवाला निकायको लैससास प्रतिको बुझाइमा एकरुपता ल्याइ क्षमता अभिवृद्धि हुन र लैससास सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुर्‍याउन ।

घ) श्रोत साधन र सेवा प्रवाहमा लक्षित वर्ग/समुदायको पहुँच वृद्धि गर्न ।

ङ) गाँउपालिकाकाको निर्णय प्रक्रियामा लक्षित वर्गको पहुँच बृद्धि गर्न ।

च) योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न ।

छ) आधारभूत र खण्डिकृत तथ्याङ्क तयार भइ सोही अनुसार लैससासका क्रियाकलापहरु कायान्वयन गर्न ।

ज) नेपाल सरकारको दिगो विकासको लक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता र संघ तथा प्रदेश सरकारका प्रतिवद्धता कार्यान्वयमा योगदान पुर्‍याउन ।

झ) योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन प्रक्रिया लैससासमैत्री वनाउन ।

## १.३ गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजना तयारीको उद्देश्यहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको माध्यमबाट गाँउपालिकाले तर्जुमा गर्ने नीति, कानून तथा योजना, संस्थागत संरचना, मानव संसाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी समावेशी लोकतन्तत्र लाई संस्थागत गर्दै सामाजिक न्याय कायम गर्नुका साथै राज्यका सबै संयन्त्रहरूमा सम्पूर्ण तह वा समुदायका नागरिकको समतामुलक पँहुच स्थापित गर्नु रहेकोछ । रणनीतिक योजनाका विशेष उद्देश्यहरु निम्नलिखित रहेका छन्।

क)गाँउपालिकामा लैससास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।

ख)गाँउपालिकाको योजना तर्जुमा प्रकृयालाई लैससासमैत्री बनाउने ।

ग)गाँउपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।

घ)गाँउपालिकाका नीति, कानून, संरचना, कार्यक्रम, योजनाका सबै प्रकियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

ङ)सरोकारवालाहरु बिच लैससासको बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्ने ।

च)राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धताहरु, कार्य योजनाहरु तथा दिगो विकास लक्ष्य प्राप्त गर्न सहयोग गर्ने।

छ)लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै स्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था गर्ने ।

### १.४ रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया

सिमकोट गाउँपालिका गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना गाँउपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवाला बिच गरिएको परामर्शबाट तयार पारिएको हो । यो रणनीतिक योजना तयार गर्नको लागि प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरिएको थियो । कार्यदलले रणानीतिक योजना निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरु अवलम्वन गरियो ।

**क)दस्तावेज अध्ययन**

कार्यदल र विज्ञ टोलीले नेपालको संविधान, १५ औ पञ्चबर्षिय योजनाको अवधारणा पत्र, स्थानीय सरकार संचालन ऐनमा भएको लैससास सम्बन्धि प्रावधानहरु, दिगो विकास लक्ष्य ५, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु,लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८ तथा गाँउपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन, तथा पालिकाको लैङ्गिक हिंसा निवारण कार्यविधि आदि अध्ययन गरिएको थियो ।

**ख)मुख्य सरोकारवालाबाट जानकारी**

गाउँपालिका अध्यक्ष उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत , महिला तथा बालबालिका विकास शाखा प्रमुख, सामाजिक विकास समितिका संयोजक, न्यायिक समिति तथा मेलमिलापकर्ता साथै लैससासको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसंग अन्तवार्ता र छलफल गरी जानकारी संकलन गरियो ।

**ग)परामर्श कार्यशाला**

गाउँपालिका अध्यक्ष ,उपाध्यक्ष वडाअध्यक्षहरु सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिहरुको उपस्थितिमा २ दिने कार्यशाला आयोजना गरिएको थियो । उक्त कार्यशालामा समुहगत छलफलबाट गाँउपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरुको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो ।

**घ)लक्षित वर्ग केन्द्रित छलफल**

कार्यशाला गोष्ठीको छलफल र समुहगत कार्यबाट प्राथमिकिकरणमा परेका तिन बटा लक्षित समुहहरुसंग ( अपाङ्गता भएका व्यक्ति, दलित महिला ) मा गएर समुह केन्द्रित छलफल गरियो। समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी संकलन गरियो ।

**ङ)मस्यौदा प्रस्तुतीकरण बैठक**

माथि उल्लेख भए बमोजिमका विधिद्दारा प्राप्त सुचनाको विश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीतिक योजना बारे पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो ।

## २. गाँउपालिकामा लैससासको अवस्था र सन्दर्भ विश्लेषण

२.१ गाँउपालिकाको लैससासको अवस्था

गाँउपालिकाले विगत वर्ष देखि नै समुदायमा पछाडी पारिएका वा परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाती, , पिछडा वर्ग, सिमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक , एकल महिला र हिंसा पीडित महिलाहरु लगाएतलाई विकासको समग्र प्रकृयामा मुलप्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ ।[ समकोट गाँउपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैससास लाई प्रवर्द्दन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गरेको छ।महिला,घरेलु तथा अन्य हिंसा न्यूनीकरण गर्नविशेष संरक्षणको आवश्यकता भएका हिंसा पिडित महिलाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्नको लागि । वार्षिक योजना तथा बजेट विनियोजन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि छुट्टै शीर्षकमा बजेट विनियोजन गर्ने गरेको छ । साथै आर्थिक रुपले विपन्न लगायत नागरिकको संरक्षण, सशक्तीकरण , सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन् ।

गाउँपालिकामा महिलाको सामाजिक, आर्थिक तथा शारीरिक विकासको लागि नेतृत्व क्षमता विकास तालिम, कानूनी सचेतता कार्यक्रम, विविध दिवसहरु मनाउने गरेको छ। समुदाय स्तरमा गठन हुने समिति उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चितता गरिएको छ । प्रजनन् स्वास्थ्य तथा पोषण कार्यक्रमहरु र सुनौलो हजार दिन, यौन शिक्षा, किशोरी शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन। जतिय हिसावले विविधता रहेको सबै आदावासी जनजाति, दलित,मधेसी, मुस्लीम लगायत अन्य जातजातिको मौलिक संस्कृति र परम्परालाई संरक्षण गर्दै समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै आएको छ ।

विपन्न तथा गरिब परिवारको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि पालिकाले विभिन्न सीप विकास तथा आयआर्जनका कार्यक्रमहरु गर्दै आएका छन् । महिला उधमशिलता विकासको लागि प्रत्येक वडामा लघु उद्यम बिकास कार्यक्रमले सीपमूलक तालिम संचालन गरिएको छ ।त्यस्तै जेष्ठ नागरिकको समुह गठन गरी सेवा केन्द्र संचालन तथा सम्मानका कार्यक्रमहरु पनि गरिएको छ ।लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको पहिचान गरी उनिहरुको संरक्षणको लागि गाँउपालिकाले काम गर्दै आईरहेको छ ।

### २.२ लक्षित समूहहरुको नक्साङ्कन

सिमकोट गाउँपालिकाको प्रोफाईल अध्ययन, बस्तुस्थिति विश्लेषण, कार्यशाला गोष्ठि, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समूहसंगको छलफल र अन्तरकृया वाट यस गाँउपालिकाको लक्षित समुदाय र लैससास सँग सम्वन्धित सवालहरु निम्न रहेका छन् ।

| **क्र.स.** | **लक्षित समूहको प्राथमिकिकरण** | **समस्या /सवाल** |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| १ | अपांगता भएका व्यक्ति | ▪ अपाङ्गता मैत्री भौतीक संरचना नहुनु<br>▪ क्षमताअनुसारको रोजगारीका अवसरहरुको अभाव<br>▪ पूर्ण आपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाहा तथा स्याहार गर्नुपर्ने हुँदापरिवारको सदस्य व्यस्त भइआर्यआर्जन गर्न कठिनाई<br>▪ सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु |
| २ | दलितको अबस्था | ▪ आर्थिक अभाव, गरिबी<br>▪ स्रोत र साधनमा न्युन पहुँच<br>▪ निर्णय प्रकृयामा न्युन सहभागिता<br>▪ बेरोजगारी<br>▪ सुचनाको अभाव.<br>▪ शिक्षमा न्यून पहुँच साथै बालबालिकामा बिद्यालय छोड्ने समस्या<br>▪ जनचेतनाको अभाव<br>▪ सामाजिक विभेद |
| ३ | लैंगिक तथा यौनिक अल्पसंख्यक | ▪ पहिचानमा समस्या<br>▪ सामाजिक विभेद<br>▪ आर्थिक अभाव |
| ४ | हिंसापिडित | ▪ जनचेतनाको अभाव<br>▪ आर्थिक अभाव र गरिबी<br>▪ पुनस्थापना केन्द नहुनु<br>▪ मादक पदार्थ सेवन |
| ५ | बहुविवाह, अनमेल विवाह, वालविवाह | ▪ सचेतीकरणको अभाव<br>▪ आर्थक तथा सामाजिक शसक्तिकरणका कार्यक्रम न्यून हुनु<br>▪ बाल क्लव तथा किशोरी संजालको भूमिका कमजोर हुनु । |

| | | |
|---|---|---|
| ६ | बिभेद तथा जातीय छुवाछुत | ▪ सामाजिक हानिकार अभ्यासहरुको निरन्तरता<br>▪ जनचेतनाको अभाव<br>▪ आर्थिक अभाव<br>▪ शिक्षाको कमी<br>▪ जेष्ठ नागरिकहरु पुरातनबादी सोचले ग्रस्त |
| ७ | जेष्ठ नागरिककहरु | ▪ पारिवारीक बोझको सामना<br>▪ स्वस्थ्य परिक्षणमा समस्या<br>▪ एक्लोपन<br>▪ नैरास्यता |
| ८ | छाउपडी प्रथा | ▪ समाजिक तथा सांस्कृतिक हानिकार अभ्यासहरुको निरन्तरता<br>▪ स्वयम महिलाहरुले जोखिम मौल्न नखोज्नु<br>▪ कानुनी शिक्षाको अभाव |

## २.३ सरोकारवालाहरुको विश्लेषण

लैससासको रणनीतिको प्रभावकारी कार्यान्वयन तथा यस क्षेत्रमा काम गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरू नै मुख्य सरोकारवाला हुन् । गाँउपालिकाका क्षेत्रमा लैससास रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न निम्न बमोजिमका सरोकारवालाहरू रहेका छन् ।

| **क्र.स.** | **लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला** | **लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य** |
|---|---|---|
| १ | केन्द्रिय तथा प्रादेशिक सरकार । | ▪ **लैससास**लाई राष्ट्रिय नीतिहरुमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने ।<br>▪**लैससास** दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने । |

| | | |
|---|---|---|
| | | ▪**लैससास** सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससंग समन्वय कायम गर्ने ।<br>▪लैङ्गिक उत्तरदायी बजेट र लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br>▪ महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुऱ्याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने । |
| २ | गाँउपालिक ( न्यायीक समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति , सामाजिक बिकास समिति , अनुगमन तथा सुपरिबेक्षण समिति , महिला तथा वालवालिका शाखा , सुचना प्रबिधि शाखा, वडा कार्यलय ,टोल बिकास संस्था, पालिका तथा वडामा मेलमिलाप कर्ता तथा केन्द्र | ▪ प्रत्येक वडामा मेलमिलाप केन्द्रहरु स्थापना गर्ने ।<br>▪ सबैखालका हिंसा तथा छाउपडी प्रथालाई निषेध गर्ने ।<br>▪ छिटो छरितो र प्रभावकारी न्याय निरुपण गर्ने ।<br>▪ सामाजिक बिकास शाखाले लैससास मैत्री संरचना निर्माण गर्न पहल गर्ने ।<br>▪ लैङ्गिक उत्तरदायी बजेट र लैंगिक उत्तरदायी तथा समावेशीबजेट परीक्षण कार्यान्वयनमा सहयोग गर्ने ।<br>▪ लैससास मैत्री कानून निर्माण तथा अध्यावधिक गर्ने ।<br>▪ टोल बिकास संस्थाहरु गठन गर्ने<br>▪ अनुगमन तथा सुपरिबेक्षण समितिले कर्यबिधि अनुरुप कार्य गर्ने ।<br>▪ वडा कार्यालयले खण्डिकृत तथ्यांक संकलन गर्ने ।<br>▪ गाउँपालिकाको कार्यलय भित्र लैससास मैत्री ब्यवहार गर्ने । |
| ३ | जिल्ला अदालत | ▪ पीडितको उजुरी लिने र पीडितको संरक्षण गर्ने<br>▪ घटनाको अनुशन्धान गरी प्रमाणको आधारमा पीडक विरुद्ध अदालतमा मुद्धा दर्ता गर्ने |

| | | |
|---|---|---|
| ४ | नागरिक समाज संस्था /अन्तराष्ट्रि गैससहरु, समुदायमा आधारित संस्थाहरुNGOs/INGOs /CBOs | ▪ महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुऱ्याउन समन्वय र सहकार्य गर्ने ।<br>▪ नागरिक समाज संस्थाहरुले Watch dog भूमिका खेल्ने । |
| ५ | बिकास साझेदारी सस्थाहरु | ▪ केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरुको **लैससास** सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण<br>गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने ।<br>▪**लैससास** लाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने ।<br>▪यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने । |
| ६ | महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, र वञ्चित ,जोखिम र सिमान्तकृत समूहहरू । | ▪ खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने । |
| ७ | वडा समिति | ▪ वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>▪ योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>▪ टोल स्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने |

| | | |
|---|---|---|
| ८ | टोल बिकास संस्था | ▪ टोलमा संचालन हुने विकास निर्माण, योजनाहरुको तर्जुमा तथा कार्यान्वयनमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गराउने<br>▪ टोलमा बसोवास गर्ने गरिव, अपाङ्गता भएका व्यक्ति, तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहयोग गर्ने<br>▪ सबै प्रकारको हिंसा, बालश्रम तथा बाध्यामक श्रम, बालविवाह लगाएतका सामाजिक अपराध तथा खराविहरु अन्त्य गर्ने जनचेतना अभिवृद्दी गर्ने<br>▪ आफ्नो टोललाई वातावरणमैत्री बालमैत्री, पोषणमैत्री, लैससास मैत्री र पुर्ण सरसफाई युक्त बनाउन कार्यक्रम संचालन गर्ने<br>▪ टोलविकासमा सबै वर्गलाई निर्णय प्रकृया र स्रोत परिचालनमा सहभागी गर्ने |
| ९ | जिल्ला प्रहरी कर्यालय र महिला सेल | ▪ घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरीपीडितलाई संरक्षण र दोषि उपर कार्वाही गर्ने<br>▪ हिंसा पीडितको उजुरी लिने<br>▪ पीडितको संरक्षण गर्ने<br>▪ घटनाको अनुशन्धान गरी प्रमाणको आधारमा पीडक विरुद्ध अदालतमा मुद्धा दर्ता गर्ने |
| १० | स्थानीय समुदाय । | ▪ लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने ।<br>▪आफ्नो बस्ती तहका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने ।<br>▪लैससास दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतिहरूको आफै अनुगमन गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका |

| | | |
|---|---|---|
| | | विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गर्ने । |

**२.४ गाँउपालिकाको लैससासको दृष्टिबाट सवलपक्ष र कमजोर पक्ष (आन्तरीक पाटो) तथा अवसर र चुनौती वा बाधा-बाहिय पाटो) को विश्लेषण र साराशंमा मुख्य पक्षहरु**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| • संघीय तथा प्रदेश सरकारका लैससास नीतिको प्रावधान र लैङ्गिक उत्तरदायी वजेट तथा कार्यकमहरु  नीति तथा कार्यक्रममा समाबेश हुन ।<br>• लैससास कार्यान्वयनका लागि वार्षिक कार्ययोजना तयार भइ कार्यान्वयनमा रहेको<br>• बार्षिक नीति तथा कार्यक्रममा लैससासको सवाललाई प्राथमिकता दिइ बजेट विनियोजन गर्ने गरिएको<br>• पालिकाको गतिशिल राजनितिक नेतृत्व<br>• पालिकाको गतिशिल महिला,वालवालिका तथा सामाजिक विकास शाखा<br>• विभिन्न संघ-संस्थाहरुसँगको समन्वयमा कार्यक्रमहरु संचालन गर्ने गरिएको ।<br>• अन्तराष्ट्रिय तथा राष्ट्रिय दिवस तथा अभियानहरु संचालन रहेका ।<br>• सेव हाउस संचालनमा रहेको ।<br>• लैंगिक हिंसा नियन्त्रण संजाल गठन गरेको<br>• पछाडी परेको लिंग बर्ग र समुदायहरुलाई हातेहोजियारी, टनेल हाउस सम्बनिध र सिलाई कटाइ  तालिम संचालन गरेको ।<br>• छाउपडि प्रथा अन्त्यका लागि कार्यबिधी तयार गरी लागू भएको ।<br>• पछाडी परेको लिंग बर्ग र समुदायहरुलाइ उच्च शिक्षाका लागि छात्रबृत्ती उपलब्ध गराएको । | • गाउँपालिकामा निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरुको  लैससास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैससास मैत्री बनाउन लैससास कार्यान्वयन समिति गठन गर्नुपर्ने<br>• योजना तथा बजेट तर्जुमा प्रकृयामा  महिला तथा लक्षीत वर्गको अर्थपूर्ण सहभागिता गराई त्यस वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको आधारमा योजना तथा कार्यक्रमको छनौट गर्ने<br>• समिति, उपसमिति तथा कार्यदलमा प्रतिनिधित्व गर्ने महिला तथा लक्षित वर्गको क्षमता विकास गरी अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्ने<br>• गाँउपालिकाको सबै संरचनाहरु अपाङ्गता मैत्री, महिला तथा बाल मैत्री बनाउनु पर्ने<br>• लैससासको लागि आवश्यक खण्डिकृत तथ्यांक सङ्कलन र अभिलेखिकरण गर्नुपर्ने<br>• महिला हिंसा, घरेलु हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपूर्ण सहभागिताको लागि रणनैतिक कार्यक्रम लागु गर्नु पर्ने<br>• महिला तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु गर्नुपर्ने |

| अवसर | बाधा तथा चुनौती |
|---|---|
| • उपाभोक्त समतिको गठनमा मूख्य पदमा महिला,दलितको सहभागिता गराउने गरेको ।<br>• जबाफदेहीताका औजारहरु प्रयोगमा ल्याएको । | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला तथा सबै लक्षित वर्गको सहभागिता गर्नुपर्ने<br>• गाँउपालिकाको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन प्रणालीलाई लैससास मैत्री बनाउनु पर्ने.<br>• शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाती र समुदायको अर्थपूण सहभागितामा सुनिश्चित् हुन नसक्नु ।<br>• बन्चितिमा परेका वर्ग र समुदायको न्यून आर्थिक अवस्था तथा सामाजिक सशक्तिकरणमा समस्या ।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाती विच ब्यवहारगत विभेद वा प्रचलनहरु<br>• महिला हिंसा, वालविवाह,घरायसी हिंसा, नेतृत्वमा महिलाको सक्रिय र अर्थपूर्ण सहभागिता कम रहनु ।<br>• संरचनाहरु अपांगमैत्री नहुनु र कार्यालयमा पर्याप्त दोभासेहरु नहुनु ।<br>• लैङ्गिक उत्तरदायी र सामाजिक समावेशीकरणका अभ्यासहरु संस्थागत हुन नसक्नु ।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता नहुनु ।<br>• गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण हुन नसक्नु ।<br>• लैङ्गिक उत्तरदायी बजेट परीक्षण तथा लैससास लेखाजोखा पनि नहुनु । |

| | |
|---|---|
| • लैससासलाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक प्रावधान, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले राष्ट्रिय तथा अन्र्तराष्ट्रिय स्तरमा गरेका हस्ताक्षर तथा प्रतिवद्धता, स्थानीय सरकारको निति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने अधिकार नै मूलतः गाउँपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री  गाउँपालिका बनाउने अवसर हो ।<br>• गाँउपालिका लाई आफ्नो आवश्यकता अनुसार सङ्घीय तथा प्रदेशको कानून सँग नबाझिने गरी नीति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यान्वयनको अधिकार ।<br>• लैससास लाई प्रवर्द्धन र प्रोत्साहन गर्न संवैधानिक  प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु ।<br>• गाँउपालिकाको बजेट सिमा निर्धारण समितिलाई लैससासको क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने अधिकार हुनु<br>• लैससाको केही हदसम्म खण्डिकृत तथ्यांक तयार भएको<br>• लैससास प्रति सकारात्मक राजीतिक नेतृत्व<br>• लैससासको सवालमाकाम गर्न पालिका तयार रहनु ।<br>• लैससासको क्षेत्रमा पालिकाले केहीहद सम्म बजेट बिनियोजन गरिएको ।<br>• लैससासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले काम गरिरहेका । | • लैससासको लागि आवश्यक खण्डीकृत तथ्याङ्क संकलन र अभिलेखीकरण नहुनु ।<br>• शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जातजाती र समुदायको अर्थपूण सहभागितामा सुनिश्चित् हुन नसक्नु ।<br>• गाउँपालिकाक अन्तर्गतका समिति वा संरचनाहरुलाई समावेशी तथा कार्यशैलीलाई लैससास मैत्री वनाउन नसक्नु ।<br>• बिभिन्न लिङ्ग, वर्ग र जातजाती विच व्यवहारगत विभेद वा प्रचलनहरु कायम रहनु ।<br>• लक्षित वर्गको जीविकोपार्जनमा समस्या हुनु ।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाई तथा व्यवहारमा विभेदता हुनु ।<br>• लक्षित वर्गका अधिकार र विद्यमान कानुनी व्यवस्थाका वारेमा यथेष्ठ जानकारी गराउन नसक्नु ।<br>• योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गका सवालमा पर्याप्त छलफल नहुनु र संवाल संवोधन हुने किसिमका कार्यक्रम तर्जुमा नहुनु ।<br>• गाँउपालिकाको सम्पूर्ण संरचनागत प्रणालीमा सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु<br>• लैङ्गिक हिंसा तथा सामाजिक कुरीति हरुको अन्त्य गर्नु ।<br>• विभिन्न लिङ्ग, वर्ग र जातजाति बीच व्यवहारगत विभेद कायम रहनु |

| | |
|---|---|
| | • ऐन, नीति तथा कानूनको व्यवहारिक कार्यान्वयन हुँदा यथास्थितिवादि सोचमा अपेक्षाकृत परिवर्तन नहुनु । |

**२.५ गाउँपालिकाका र वडागत रुपमा लैससासमा प्रमुख समस्या तथा सवालहरु**

१.लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति, रणनीति कार्यविधि तथा रणनीति नहुनु ।

२.गाउँपालिका जनप्रतिनिधि, कर्मचारी तथा पदाधिकारीहरुको लैससास प्रति कम संवेदनशील रहनु ।

३.गाँउपालिकाको नीति, कार्यविधि, योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको न्युन पहुँच रहनु।

४..गाउँपालिका को सेवा प्रवाह संयन्त्र र प्रकृया लैससासमैत्री नहुनु ।

५..गाउँपालिका को योजना तर्जुमा प्रकृयामा महिला तथा लक्षित वर्गको व्यवहारिक तथा रणनीतिक आवश्यकताको पहिचान नहुनु साथै लैससासको समस्या तथा सवालहरुको सम्बोधन हुन नसक्नु ।

६.सिमान्तकृत समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक दलित ,लैङ्गिक तथा यौनिक अल्पसंख्यक साथै अन्य पिछडिएको वर्ग तथा समुदायहरुमा गाँउपालिकाको सुचनाको कमी, अवसर र पहुँचको अभाव हुनु।

७.दलित तथा मधेसी महिला, सिमान्तकृत र पिछडिएको समुदायको शिक्षामा कमी, आर्थिक अभाव, सामाजिक कुरीति र कुप्रथामा ग्रसित हुनु ।

८.लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा लैङ्गिक उत्तरदायी  बजेट परिक्षण नहुनु ।

९.गाँउपालिकाको लैससास सम्बन्धी विस्तृत खण्डकृत तथ्याङ्कको संकलन र अद्यावधिकको अभाव हुनु ।

१०. .गाउँपालिका तथा समुदाय स्तरको निर्णायक तहमा महिला तथा लक्षित वर्गको न्युन पहँच हुनु

११.सामाजिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा छाउपडि प्रथा तथा समुदायमा  सामाजिक हानिकारक अभ्यासको  प्रभाव रहनु ।

१२. पालिकामा लैंगिक मैत्री भौतिकपूर्वाधार (स्तनपान कक्ष , शौचालय भवन नहुनु ।

१३.हिंसा पिडित महिलाहरुका लागि पुर्नस्थापना केन्द्र नहुनु ।

१४.लैससास अडिट सम्पन्न नगर्नु  ।

**२.६ गाँउपालिकाको लैससास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु**

- नीति कानून योजना तथा बजेट
- सहभागिता र संस्थागत बिकास
- आर्थिक तथा सामाजिक सशक्तीकरण
- समन्वय, सहकार्य र सहजीकरण
- सेवा प्रवाह
- अनुगमन तथा मूल्यांकन
- अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धताहरु
- जातीय बिभेद तथा  लैंगिक हिंसा

**३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच लक्ष्य र उदेश्यहरु**

**सोच,**

"सबैखालका असमान व्यवहार र विभेदहरुको अन्त्य गरी समतामूलक, समृद्ध र समुन्नत  गाउँपालिका निर्माण गर्ने ।"

**लक्ष्य**

"लैङ्गिक समानता तथा समावेशी विकासको माध्यमद्वारा लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई आर्थिक तथा सामाजिक  सशक्तीकरण गर्ने "

**उदेश्यहरु**

१. सिमकोट गाउँपालिकामा लैंगिक उत्तरदायी नीति कार्यक्रम र समावेशी बजेट परीक्षणलाई संस्थागत गर्ने तथा शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता तथा सहज पहुँच वृद्धि गरि लैगिक मूलप्रवाहीकरण  गर्ने ।

२. महिला तथा लक्षित समुदायको दिगो विकास र आर्थिक बिकास लागि  समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि,  समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक ,सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्गको आवश्यकता र चाहनाप्रति  संवेदनशील, उत्तरदायी, जवाफदेही हुनको साथै लैससास सम्बन्धी साझा बुझाईमा  कायम गर्न सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

४ गाउँपालिकाका नीति, योजना,संस्थागत संरचना , सेवा प्रवाह, मानव संसाधनलाई  अनुगमन तथा मुल्यांकन  मार्फत लैससास उत्तरदायी  र सामाजिक समावेशीकरणका विषयमा  संवेदनशील हुन अभिप्रेरित गर्ने ।

५.गाँउपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र सामाजिक हानिकार अभ्यासहरुको  अन्त्य गरी  सामाजिक न्याय प्राप्त गर्ने ।

६.लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै नेपाल सरकार तथा प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु कार्यन्वय गर्न प्रभावकारी समन्वय सहकार्य र सहजिकरण गर्ने ।

**रणनीतिको औचित्य र आवश्यकता**

सिमकोट गाउँपालिका ले महिला हिंसा तथा अन्य विभिन्न प्रकारको हिंसा न्यूनीकरण, सामाजिक कुसंस्कार बिरुद्द जनचेतनामुलक कार्यक्रम तथा महिला तथा पिछडीएका वर्गको सशक्तिकरणको लागि निरन्तर रुपमा आफ्नो नीति, योजना तथा कार्यक्रममा लैससाको अवधारणा अनुसार कार्यक्रमहरु गर्दै आएको छ तथापीयसलाई थप नतिजामुखी र व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामुलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न गाँउपालिकाको नीति निर्माण, बजेट तर्जुमा र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउन आवश्यक छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न लैससास रणनीति मार्गदर्शन हुनेछ ।

**रणनीतिक योजनाको मुल्यमान्यता तथा सिद्दान्तहरु**

देहायका सिद्धान्तका आधारमा लैससास रणनीतिक योजना तर्जुमा गरिएको छ।

१.विभेदरहित(Non discrimination) : यो रणनीति कार्यान्वयन सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक तथा पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन।

२.सारभूत समानता(substantive equality) यो रणनीतिले लैङ्गिक समानतको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात् गरेको छ।

३.कोहि पछाडि नछुटुन(leave no one behind ) यस रणनीतिले दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ।

४.समान सहभागिता (Meaningful Participation) यो रणनीतिले गाँउपालिका हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जाती, क्षेत्र तथा समुदायको समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

५.उत्तदायित्व तथा जवाफदेहिता : यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा गाँउपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

६.साझेदारीता र सहकार्यः यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि लैससास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग समन्वय, साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।

७.शून्य सहनशीलता(Zero Tolerance)ः यो रणनीतिले गाँउपालिका भित्र हुने लैङ्गिक तथातथा सबै प्रकारका विभेदर हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ।

८.कसैलाई पनि हानी नपुर्याउने (Do No Harm) : यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ।

## ३.२ लैससास मुलप्रवाहीकरणको रणनीति र कार्यनीतिहरु

सिमकोट गाउँपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी शासन व्यवस्था स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्ने देहाय बमोजिमको लैससास मुलप्रवाहीकरण रणनीति र कार्यनीतिहरु अबलम्बन गरिने छ ।

| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
|---|---|
| क ) गाँउपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुको पुनरावलोकन गरी लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गर्ने ।।<br>ख ) गाउँपालिकाको नीति निर्माण तथा निर्णय प्रक्रिया तथा समग्र विकास प्रक्रियामा लक्षित वर्गको सशक्तिकरण र अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने । | क) लक्षित वर्गको समानुपातिक सहभागिताका लागि आवश्यक कार्यविधि तथा मापदण्ड तयार हनेछ ।<br>ख) लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरिने<br>ग) सहभागिता सुनिश्चित भए नभएको तेस्रो पक्षद्धारा अनुगमन गर्ने परिपाटीको विकास गरिनेछ ।<br>घ).पालिकावाट हुने सबै प्रकारको अनुगमन तथा मुल्याङ्कनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता वृद्धि हुनेछ ।<br>ङ) योजना तर्जुमाको प्रक्रियामा वस्ती स्तरको छलफल देखि नै सहभागितात्मक छलफल गरिनेछ ।<br>च) विपन्न वर्गलाई विशेष अवसर र अनुकुल वातावरण सहित सहभागिताको अवसर प्रदान गरिनेछ । |
| क).आर्थिक रुपले बिपन्न र सामाजिक रुपले पछाडी परेका समुदाय लाई बिशेष प्राथमिकता | क).आर्थिक रुपले बिपन्न र सामाजिक रुपले पछाडी परेका समुदायलाई शसक्तिकरण |

| | |
|---|---|
| दिदै आर्थिक शसक्तिकरण र सामाजिक रुपान्तरण गर्ने । | गर्नका लागि जिविकोपार्जन सुधार  कार्यक्रम संचालन गरिने छ ।<br>ख).बिपन्न महिलाहरुको  आर्थिक तथा सामाजिक रुपान्तरणका लागि पालिका स्तरमा उपाध्यक्ष महिला शसक्तिकरणका कार्यक्रम लागू गरिने छ ।<br>ग).यौनिक तथा लैंगिक अल्पसंख्यक प्रतिको सामाजिक बिभेद हटाउन सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।<br>घ). प्रत्येक आवमा  आर्यआर्जन तथा सीपमुलक कार्यक्रमका लागि   बजेटमा प्राथमिकता दिईने छ ।<br>ङ) जोखिममा परेका सिमान्तकृत विपन्न लिंग क्षेत्र वर्गलाई विशेष अवसर र अनुकुल वातावरण सृर्जना गरि आर्थिक शसक्तिकरणका कार्यक्रम संचालन  गरिनेछ ।<br>च) लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको समान प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तीकरणका गतिविधिहरु सञ्चालन गरिने छ । |
| क) गाँउपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैससासमैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने। | क) पालिकाका कार्यपालिका, शाखा, महाशाखा तथा वडामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका कार्यक्रम संचालन गरिने ।<br>ख)  क्षमता अभिवृद्धि कार्ययोजना संचालन गर्न बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।<br>ग) लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, छाउपडि प्रथा   सामाजिक हानिकारक अभ्यासहरु  र यसले समग्र विकास प्रक्रियामा |

| | |
|---|---|
| | पारेको प्रभाव सम्बन्धमा अभिमुखीकरण गरिनेछ ।<br>घ) योजना तर्जुमा प्रकृयामा प्रत्यक्ष संलग्न कर्मचारी,जनप्रतिनिधि र संघ-संसंस्थाहरुलाई लैससास उत्तरदायी योजना तर्जुमा प्रक्रियाका बारेमा क्षमता अभिवृद्धि गरिनेछ ।<br>ङ) ) लैससास सम्पर्क व्यक्ति तथा तथा लैससास समन्वय समितिको स्थापना तथा क्षमता अभिवृद्धि गरिनेछ ।<br>च) पालिका तथा वडा तहमा रहेका लैससास समन्वय समितिलाई क्षमता विकास गरि थप प्रभावकारी वनाइनेछ । |
| क) पालिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा **लैससास** दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत  गर्ने । | क) अनुगमन तथा समन्वयका लागि पालिका तथा वडामा रहेका अनुगमन संयन्त्रलाई थप प्रभावकारी वनाइनेछ ।<br>ख)  अनुगमनको मापदण्ड तथा निर्देशिका तयार गरी  सहभगितात्मक अनुगमनलाई अनिवार्य गरिनेछ ।<br>ग)वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत र खण्डिकृत तथ्याङ्क अद्यावधिक गरि उक्त तथ्याङ्क लाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मुल्याङ्कन प्रणालीमा प्रयोग गरिनेछ ।<br>घ) अनुगमन र मुल्याङ्कनलाई आवश्यक सूचक सहित अनिवार्य प्रणालीको रुपमा स्थापित गरिनेछ ।<br>ङ) सूचकमा आधारित अनुगमन र मुल्याङ्कनको प्रतिवेदन तयार गर्ने प्रणालीको विकास गरिनेछ । |

| | |
|---|---|
| क) गाँउपालिकाका भित्र हुने सबैप्रकारका लैङ्गिक विभेद,जातीय छुवाछुत सबै प्रकारका हिंसा,बालविवाह, छाउपडी प्रथा र अन्य सामाजिक कु- संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्ने । | क) विद्यमान भेदभावजन्य ब्यवहार र हानीकारक प्रचलनहरुको अन्त्यका लागि शून्य सहनशीलता कायम हुनेछ ।<br>ख) लैङ्गिक तथा सामाजिक भेदभाव र जातीय बिभेद रहेका व्यक्तिहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।<br>ग) पालिकामा विद्यमान विभेदहरु न्यूनीकरण गर्न समुदायको अगुवाईमा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>घ) पालिकावाट सन्चालन हुने सवै तालिम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससासको विषयलाई प्राथमिकता दिनइनेछ ।<br>ङ)लैससास सम्बन्धी विद्यमान कानुन र व्यवस्थाहरुका वारेमा कानूनी साक्षरता शिक्षाको माध्यमबाट प्रचार प्रसार तथा सचेतीकरण गरिनेछ ।<br><br>च) लैससासलाई लक्षित गरेर हेल्प डेक्स वनाई आवश्यक प्रक्रियामा सहयोग गरिनेछ ।<br>छ) हंसा पिडित/प्रभावित व्यक्तिहरुका लागि पुनर्स्थापना,संरक्षण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>ज) विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमह संचालन गरिनेछ ।<br>ञ) सामाजिक हानिकारक अभ्यासहरुको अन्त्यका लागि स्थानीय रेडियो , पत्रपत्रिका ,होडिङ वोर्ड, सडक नाटक मार्फत सचेतीकरण गरिने छ। |

| | |
|---|---|
| राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकार, प्रादेशिक सरकार ,बिकास साझेदार, नागरिक समाज, गैसस र अन्य सरोकारवाला निकायहरु संग समन्वय सहकार्य गर्ने । | क) भेदभावजन्य व्यवहार र हानिकारक प्रचलनहरुको अन्त्यका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,<br>ख) आधारभूत र खण्डिकृत तथ्याङ्क  संकलन तथा व्यवस्थापन गर्न सरोकारवालाहरुसंग समन्व्य तथा सहकार्य गरिनेछ ।<br>ग) **लैससास** सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एबम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गरिने छ ।<br>घ) लैङ्गिक उत्तरदायी बजेट र लैंगिक उत्तरदायी तथा ङ)समावेशी बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र .सहजीकरण गर्ने । महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुऱ्याउन कार्यान्वयन तहमा समन्वय कायम हुनेछ  ।<br>च) महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गरिने छ ।<br>छ) **लैससास** लाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गरिने छ<br>ज) बेईजिङ घोषणापत्रका १२ क्षेत्रहरुलाई स्थानीयकरण गरि लागू गरिने छ।<br>झ) दिगोबिकासको  लक्ष्य नं ५ र उप लक्ष्यहरुलाई कायान्वयन गरिने छ ।<br>ञ) कर्णाली प्रदेशका लैससास नीतिलाई स्थानीयकरण गरी निर्माण गरिने छ । |

### ३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना

| रणनीतिक उदेश्य | प्रमुख क्रियाकलापहरु | समयावधि | लक्षित समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| १.गााउँपालिकामा लैंगिक उत्तरदायी नीति कार्यक्रम र समावेशी बजेट परीक्षणलाई संस्थागत गर्ने तथा शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता तथा सहज पहुँच वृद्धि गरि लैगिक मूलप्रबाहीकरण गर्ने । | • लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावाली, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने । | आ.व०७९/०८० देखी ०८१ /०८२ सम्म | गाँउपालिका र सबैको लागि | लैससास कार्यान्वयन समिति |
| | • ऐन, कानून, नीति, कार्यविधिको मस्यौदा तयार गर्ने कार्यटोली गठन गरि क्षमता विकास गर्ने | आ.व०७९/०८० | पदाधिकारी तथा कर्मचारी | लैससास कार्यान्वयन समिति |
| | • गाँउपालिक कुनै पनि ऐन, नीति, निर्देशिका, कार्यविधि संकलन गर्दा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गर्ने व्यवस्था गर्ने | आ.व ०७९/०८० देखि ०८४/०८५ | गा.पा. | लैससास कार्यान्वयन समिति |
| | • जनचेतनामुलक तालिम(वालविवाह, बहुविवाह, छाउपडि प्रथा, लैंगिक हिंसा र बिभेद, असमान ज्याला ) संचालन गर्ने | आ.व ०७९/०८० देखि ०८४/०८५ | आदिबासी , जनजाती, महिला दलित ,किशोरकिशोरी | गा.पा. गैरसरकारी संस्थाहरु , महिला तथा बालबालिका शाख र सरोकारवाल |

| | | | | |
|---|---|---|---|---|
| | | | ,अभिभावक, श्रीमान श्रीमति,धामी, झाक्रि र बाल क्लव | |
| | • महिला तथा पछाडी परेका समुदायहरुलाई लोकसेवा आयोगका कक्षाहरु संचालन गर्ने | प्रत्येक आ.ब.मा कर्तिक र मंसिरमा | महिला तथा पछाडी परेका समुदाय र अपांग | गा.पा. र गैससहरु |
| | • परम्परागत सीममुलक ब्यबसशायहरुलाई (राडी, पाखी) निरन्तरता । | आ.ब. २०८०।०८१ | महिला तथा अतिबिपन्न | पालिका र गैससहरु |
| | • महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोन | गर्ने आ.व ०७९/०८० देखि निरन्तर | महिला तथा पिछडीएका वर्गका लागि | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति |
| | • गाँउपालिका स्तर, वडा स्तर तथा समुदायस्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला तथा लक्षित समुदायको | आ.व २०७९/०८०देखी ०८२/०८३ | महिला तथा लक्षित वग | महिला तथा बालबालिका विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | ४०% प्रतिनिधित्व हुने व्यवस्था गर्ने | | | |
| २.महिला तथा लक्षित समुदायको दिगो विकास र आर्थिक बिकास लागि समान अवसर, नेतृत्वदायी भूमिका वृद्धि, समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक ,सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने । | • बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, , पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छुट्टा छुट्टै छलफल गरी आवश्यकता पहिचानको आधारमा योजना छनोट गर्ने | आ.ब २०७९/०८० देखि २०८४/०८५) | महिला तथा लक्षित वर्ग | महिला तथा बालबालिका शाखा, र योजना शाखा |
| | • गाँउपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका विपन्न परिवार, बेरोजगार युवा, बैदेशीक रोजगारीबाट फर्किएका पुरुष तथा महिलाको पहिचान गर्ने । | आ.ब २०७९/०८० | विपन्न तथा गरिव परिवार | तथ्याङ्क व्यवस्थापन शाखा र सुचना प्रबिधि शाखा |
| | • लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवारको परम्परागत सिप, व्यवहारीक सिप र क्षमताको अध्ययन तथा पहिचान गर्ने | आ.व २०८०-०८१ | पिछडिएका समुदायका महिला तथा गाँउपालिको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला विकास शाखा , उद्यशिलता सहजकर्ता |

| | | | | |
|---|---|---|---|---|
| | ● लैङ्गिक समानतातथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरी संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकासतालिम प्रदान गर्ने। | आ.व २०८०/०८१ | गा.पा. सबै सरोकारवालहरु | गा.पा. महिला विकास शाखा |
| ३.महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्गको आवश्यकता र चाहनाप्रति उत्तरदायी, जवाफदेही हुनको साथै लैससास सम्बन्धी साझा बुझाईमा कायम गर्न सरोकारवालाहरुको क्षमता विकास गर्ने । | ● गाँउपालिकाको योजना तर्जुमा तथा छनोट भएका योजनाको जानकारी लक्षित वर्ग सम्म पुर्याउन स्थानीय सञ्चारका माध्यमवाट सम्प्रेषण गर्ने। | निरन्तर | महिला तथा पिछाडिएका वर्ग | सुचना शाखा |
| | ● सहभागितमुलक योजना तर्जुमा प्रक्रियामा वडा र पालिकाले लैससास केन्द्रित रहेर परियोजना तथा बजेटमा बृद्धि गर्ने । | निरन्तर | महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्ग | गाउँपालिका |
| | ● लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवाको समुहलाई लैससासको बारेमा साझा बुझाई कायम गर्न | निरन्तर | सबै सरोकरवाल | सबै महिला विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | संजाल गठन गरी आफ्नो हक र आधिकरको लागि सरोकारवाला संग पैरवी गर्न क्षमता विकास गर्ने। | | | |
| | • महिला तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सीप विकास, नेतृत्व विकास, उद्यशिलता विकास तालिम, बैङ्किङ तथा वित्तिय कारोवार सम्बन्धी शिक्षा साथै आधारभुत कानूनी क्षमता विकास गर्ने। | आ.व २०८०/०८१ देखि ०८४।०८५ | पिछडिएका समुदायका महिला तथा गाँउपालिका को प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला विकास शाखा, उद्यशिलता सहजकर्ता |
| | • व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थालाई अनिवार्य लागु गर्ने | आ.व २०८१/०८२ | पिछडिएका समुदायका महिला तथा गाँउपालिकाको प्राथमिकिकरणमा परेका लक्षित बर्ग सबै | महिला विकास शाखा उद्यमशिलता सहजकर्ता |
| | • सिमान्तकृत समुदाय तथा बिपन्न परिवारका बालबालिकालाई प्राविधिक शिक्षा अध्ययनको लागि | आ.ब ०८१/०८२ | विपन्न तथा पिछडीएका समुदायका महिला | महिला विकास शाखा/प्रशासन शाखा |

| | | | | |
|---|---|---|---|---|
| | छात्रवृत्ति कार्यक्रम संचालन गर्ने | | | |
| ४ गाउँपालिकाका नीति, योजना,संस्थागत संरचना , सेवा प्रवाह, मानव संसाधनलाई अनुगमन तथा मुल्यांकन मार्फत लैससास उत्तरदायी र सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने । | • सरकारी भवनहरु निर्माण गर्दा लैससास मैत्री बनाउने । | निरन्तर | महिला ,अपांग,बालबालिका जेष्ठनागरिक | नेपाल सरकार , प्रदेश सरकार गैससहरु संग सहकार्य । |
| | • पालिका र वडा कार्यलयमा स्तनपान कक्ष , नागरिक सहायता कक्ष स्थापना गर्ने । | आ.ब.२०७९। ८० देखी ०८१।०४२ सम्म | महिला ,अपांग,बालबालिका जेष्ठ नागरिक फरक क्षमता भएका | गा.पा. र वडा कार्यलय |
| | • गाउँपालिका , वडा कार्यलयमा सेवा प्रदायक निकाय र सेवाग्राही सबैमा लैंगिक सम्बेदनशिल ब्यवहार गर्ने | निरन्तर | सेवा प्रदायक , सेवाग्राहि र आमा सरोकारवाल | गा.पा.र सबै वडा |
| | • गाउँपालिकाको ऐन नीति, कानुन, कार्यबिधि निर्माण गर्दा लैससास मैत्री बनाउने | निरन्तर | महिला ,अपांग,बालबालिका जेष्ठ नागरिक फरक क्षमता भएका | बिधायन समिति ,न्यायीक समिति |
| ५.गाँउपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र सामाजिक हानिकार अभ्यासहरुको अन्त्य गरी सामाजिक न्याय प्राप्त गर्ने । | • गाउँपालिकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरुको गठन तथा परिचालन | निरन्तर | हिंसा पीडित महिला तथा समुह | महिला विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | गरि लैङ्गिक विभेद ,वाल विवाह ,छाउपडि प्रथा तथा हिंसा नियन्त्रणका लागि ति संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | | | |
| | • लैङ्गिक हिंसामुक्त गाँउपालिका घोषणा गर्ने । | आ.व ०८४/०८५ सम्म | गा.पा. | गाँउपालिका सबै म.वि शा, लैससास कार्यान्वयन समिति, प्रशासन शाखा |
| | • समाजमा विद्यमान हानिकारक सामाजिक मुल्य मान्यता, सोच र व्यवहार परिवर्तन गर्न रणनैतिक योजना तथा कार्यक्रम तयार गर्ने। | निरन्तर | हिंसा पीडित महिला तथा समुह | गाउँपालिका र महिला विकास शाखा |
| | • गाँउपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्दारा लैङ्गिक हिंसा, घरेलु हिंसा,जातीय छुवाछुत ,बिभेद तथा सामाजिक कुरीति उल्मुलन सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्नेछ | निरन्तर | समुदायका सबै | सुचना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • गाँउपालिका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिमाण र समाधानका उपायहरु बारे सर्वक्षण गरी प्रतिवेदन तयार गर्ने | आ.व ०८०/०८१ सम्म | | गाँउपालिका सबै सूचना प्रबिधि शाख वडा |
| | • समुदाय तह देखि महिला हिंसा बिरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा र सबैको पहुँचमा हुनेगरी प्रवाह गर्ने | निरन्तर | हिंसा पीडित महिला तथा समूह | महिला विकास शाखा,सुचना प्रविधि शाखा, नेपाल प्रहरी |
| ६.लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै नेपाल सरकार तथा प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु कार्यन्वय गर्न प्रभावकारी समन्वय सहकार्य र सहजिकरण गर्ने । | • लैससास अडिट गर्ने | प्रत्येक आ.व.को पौष मसान्त भित्र | जनप्रतिनिधि ,कर्मचारी र सरोकारवाला | पालिका र लैससास सम्पर्क ब्यक्ति |
| | • लैससास नीति तयार गर्ने | आ.व. २०८०।०८१ | जनप्रतिनिधि ,कर्मचारी र सरोकारवाला | गाउँपालिका |
| | • दिगो बिकासका लक्ष्य नं ५ र उप लक्ष्यहरुलाई स्थानीयकरण गर्ने । | आ.व. २०८१।०८२ | महिला तथा वालबालिका | गाउँपालिका |
| | • बेइजिङ घोषण पत्रका १२ वटा क्षेत्रलाई कार्यन्वयन गर्ने | निरन्तर | सबै लक्षित समुदाय | पालिका र गैससहरु |

| | | | | |
|---|---|---|---|---|
| | • महिला र जातीय बिरुद्ध हुने सम्पूर्ण भेदभाव उन्मुलन अभिसन्धी लाई कार्यन्वयन गर्ने । | निरन्तर | सवै लक्षित समुदाय | गाउँपालिका र गैससहरु |
| | • पालिको  संघ र प्रदेश, र पालिका र गैरसरकारी संस्थाहरु संग लैसासस सम्बन्धि सहकार्य र समन्वय गर्ने | निरन्तर | सवै लक्षित समुदाय | गाँउपालिका ,लैससास सम्पर्क व्यक्ति |

## ३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी आवश्यक संस्थागत व्यवस्था

लैससास मुलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु गाउँपालिकामा गठन भएको छ ।

३.४.१. गाउँपालिका लैससास कार्यान्वयन तथा अनुगमन समितिको गठन

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका ३ जना -सदस्य

च) सामुदायिक सङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका ३ जना -सदस्य

छ) लैससास हेर्ने शाखा प्रमुख- सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरु ७ देखि १३ जना सम्म रहन सक्नेछन् ।

## ३.४.२. वडास्तरमा लैससास कार्यान्वयन तथा अनुगमन समिति गठन

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैससास कार्यान्वयन तथा अनुगमन समिति गठन गर्न सक्नेछ । सो समिति मार्फत लैससास सम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुर्याईने छ।

क) वडा अध्यक्ष संयोजक

ख) वडा सदस्य( महिला र दलित महिला सहित) -३ जना सदस्य

ग) वडा सचिव - सदस्य सचिव

घ) अतिथि: सङ्घसंस्थाबाट आवश्यकता अनुसार २ जना सदस्य

३.४.३. लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

**लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।

ख) गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने ।

ग) लैससास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने

घ) योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने ।

ङ) लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने ।

च) लैससास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

छ) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने

ज) उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

### ३.४.४. वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

वडास्तरको लैससास कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) सिमकोट गाउँपालिकाको लैससास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ख) गाउँपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

ग) गाउँपालिका को वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने ।

घ) गाउँपालिका का वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने ।

ङ) गाउँपालिका को वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

च)उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

### ३.४.५. वैठक, कार्यविधि र सेवा सुविधा

क) गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्ने छ ।

ख)वडा स्तरीय समितिको बैठक प्रत्यक ३ महिनामाबस्ने छ ।

ग)समिति र उपसमितिका वैठकहरूको कार्यविधि गाँउपालिकाका अन्य समिति वा उप समिति सरह हुनेछ ।

घ)सेवा सुविधा गाँउपालिकाको नियम बमोजिम हुनेछ ।

### ३.४.६ सम्पर्क व्यक्ति

गाउँपालिकाले लैससासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका विकास शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैससासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउने।

## ३.५ लैससास रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन

### ३.५.१ आर्थिक श्रोत

लैससास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु सिमकोट गाँउपालिकाको प्रमुख दायित्व हुनेछ। गाँउपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममानै लैससासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण , लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी गाँउपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ। लैससास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

### ३.५.२ मानवीय स्रोत

लैससास मूलप्रवाहीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार गाँउपालिका स्तरीय लैससास कार्यान्वयन समिति रहनेछ । यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन नगरस्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ। गाँउपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ।लैससास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका विकास शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

## ३.६ अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ ।

१. गाउँपालिका स्तरिय लैससास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ ।

२.अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ।

३.लैससासरणनीतिले लिएको ध्येय, लक्ष्य,उदेश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिने छ। हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता समिक्षा गरिने छ र आवश्यकता अनुसार संशोधन गरिनेछ।

४.अनुगमन र मुल्याङ्कन् टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई सहभागी गराईनेछ।

### ३.७ सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु

उल्लेखित रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १ | रणनीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन | रणनीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ । |
| २ | सामाजिक हानिकारक प्रचलन तथा व्यवहारहरु | विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, ब्यवहार र कुरितिहरुको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भइरहेका कानूनहरुको पुनरावलोकन गरिनेछ । चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा पालिकाले सून्य सहनशिलताको नीति लिनेछ । |
| ३ | लैससासको बुझाईमा एकरुपता नहुनु । | लैससासको वुझाइमा एकरुपता ल्याउन सहभागितात्मक छलफल गरिनेछ र सवालको प्राथमिकताका लागि आवश्यक नीतिगत व्यवस्था पनि गरिनेछ । |
| ४ | स्थानीय योजना तर्जुमा प्रक्रियामा लैससासको विषय कम प्राथमिकतामा रहनु | योजना तर्जुमा प्रक्रियामा लैससासको विषयलाई बजेटको सिलिङ तोक्दा देखि नै उच्च प्राथमिकतामा राखिनेछ । लैससासका लाभ र अवसरहरुमा लक्षित वर्गको पहुँच स्थापित गरिनेछ । लक्षित सहूहको सशक्तिकरण गरिनेछ । |
| ५ | लैससासको सवाललाई एकिकृत तवरमा सञ्चालन गर्न नसक्नु | लैससासको सवाललाई पालिकामा मुख्य कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ । सबै विषयगत क्षेत्रमा यसलाई अन्तर-सम्बन्धित सवालको रुपमा अगाडी बढाइनेछ । लैससास क्षेत्रमा काम गर्ने संघ-संस्थाहरुसँग समन्वय गरी काम गरिनेछ । |
| ६ | खण्डिकृत तथ्याङ्क तथा सूचकांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | लक्षित समुदायको पहिचान गर्ने, सूचक निर्धारण गर्ने, र लैससासको खण्डिकृत तथ्याङ्कका आधारमा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । |
| ७ | लैससास विषय गाँउपालिकाको प्राथमिकतामा नपर्न सक्छ । | लैससासलाई प्रथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने । |

| | | |
|---|---|---|
| ८ | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन | आवश्यक आर्थिक स्रोतको व्यवस्थापन गाँउपालिका र बिकास साझेदार मार्फत  गर्नेछ। |

**३.८ रणनीतिको पुनरावलोकन तथा सुधार**

यस रणनीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी रणनीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिनेछ।

**३.९ बाधा अडचन फुकाउने**

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अडचन आएमा यस रणनीतिका प्रावधानहरुलाई प्रतिकुल असर नपर्ने गरी पालिकाले बाधा अडचन फुकाउन सक्नेछ।